# उपाध्यक्ष श्री तारा न्यौपानेद्वारा आर्थिक वर्ष २०७८/७९ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्य

पचालझरना गाउँपालिका

२०७८

# पचालझरना गाउँपालिका
# गाउँपालिकाको कार्यालय
# पडेक्षा कालिकोट

## आ ब २०७८।०७९ को सातौ गाउँ सभाबाटमा पेश भएको बजेट प्रस्तुत गर्दै छु ।

नेपालको राजनितिक इतिहासमा कठिन र बलिदान पुर्ण संघर्षबाट पहिलो पटक प्राप्त जनताले रुचाएको शासन व्यवस्था संघियता सुभारम्भ भए सगै स्थानीय तहको निर्वाचन भएको आजको मितिसम्म सुनौला ४ वर्ष पुरा भइ आज हामी पचालझरना गाउँपालिकाको वर्षको सुरुवाती माहान कार्य सातौ गाउँसभा अधिक उत्साह सौहार्दता र एकताबद्ध ढंगले सुनौला सपना बोकी जुटिरहेका छौ । यस ऐतीहासिक गाउँसभाका अध्यक्ष महोदय प्रमुख अतिथि कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्रि ज्यू, माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री ज्यू, जिल्ला समन्वय समिति सदस्य ज्यु, ९ वटै वडा अध्यक्ष, कार्यपालिका सदस्य, कार्यपालिका सचिव एंव सभामा संचालक सम्पुर्ण गाउँसभाका सदस्य गाउँपालिकाका विषयगत शाखा प्रमुख र सम्पुर्ण राष्ट्रसेवक कर्मचारी संघसंस्थाका कर्मचारी सुरक्षाकर्मी पत्रकार सम्पुर्ण राजनितिक दल महान शहीद परिवार जन घाइतेयोद्धाहरु र आम पचालझरना वासी जनसमुदायका साथै सरोकारवाला सवै सबैमा हार्दिक नमस्कार सहित न्यानो अभिवादन ।

सर्वप्रथम महान जनयुद्ध जनआन्दोलनमा शाहादत प्राप्त गर्ने भौक्तिक शरिर तिलाञ्जली दिएर सदा सदा बाँचिरहने महान शहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दै घाइते योद्धाहरुको सिघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्दछु ।शहीद परिवार र घाइते योद्धाहरुलाई उच्च सम्मान व्यक्त गर्दछु । कोरोना भाइरस को उच्च जोखिम विश्वभर भइरहेको अवस्थामा कोरोना भाइरसका कारण मुत्युवरण गर्नु हुने मृतकहरुप्रति हार्दिक श्रद्धन्जली व्यक्त गर्दै कोरोनाविरुद्ध आइसोलेसनमा लडिरहनु भएका संक्रमितहरुको स्वास्थ्य लाभको कामना व्यक्त गर्दै यसका विरुद्ध लड्न सवै जनसमुदायहरुलाई हार्दिक अपिल गर्दछु । हाल यस भाइरस विरुद्धको अग्रिम मोर्चामा रहेर काम गर्ने स्वास्थ्यकर्मि जनप्रतिनिधी राष्ट्र सेवक कर्मचारी राजनितिक दल सबैलाई धन्यवाद व्यक्त गर्दै थप कार्यभार पुरा गर्न आग्रह गर्दछु ।

**"समृद्ध पचालझरना हाम्रो चाहना"** को स्वर्णिम वाक्यंशको मर्मबोधलाई पछ्यायाउदै आ-आफ्नो तह र सिप कार्य कौसलतावाट सहयोग पुर्याइ अहोरात्र खटने सम्पुर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी पत्रकार संघसंस्था सुरक्षाकर्मि राजनितिक दल बुद्धिजिवि समाजसेवी आम जनसमुदायहरुलाई विशेष आभारका साथ सम्मान व्याक्त गर्दै आगामी दिनमा सकारात्मक सोचका साथ गाउँपालिकालाई थप विकास गर्न अझै गरुडगो जिम्मेवारी पुरा गर्न आग्रह गर्दछु ।

इतिहासमा पहिलो पटक स्थानीय तहको निर्वाचन भएको ४८ महिना बित्दै छ विगत वर्षहरुमा निती तथा कार्यक्रम र बजेट प्रस्तुत भइ केही कार्यक्रमहरु गन्तव्यमा पुगिसकेका र केही गन्तव्यतिर हिडिरहेका र केही कार्यक्रमहरुले दशकौ सम्म मार्ग निर्देशन गरिहरेका र भविष्यको लागि पचालझरनाको पाठशालाको पाठ्यक्रमको रुपमा काम गरिहरेका छन । पत्येक वर्षको निती तथा कार्यक्रम र बजेट आर्थिक वर्ग फेरबदलको निरन्तरता नभएर बस्तुनिष्ठ धरातलको सजिव मुल्याङकन सहित हालको विश्व अवस्था सग घुलमिल हुन सक्ने कुरालाई मध्य नजर गरि कृषि शिक्षा स्वास्थ्य भौतिक प्रवाधार निर्माण वेरोजगारी समस्याको समाधन सीपमुलक आर्थिक कार्यक्रम सहित सुक्ष्म वैज्ञानिक अध्ययन गर्दै जनताका समस्या समाधान उन्मुख रहेकोले यो निती कार्यक्रमलाई अझै प्रभावकारी र जनमुखी र वस्तु परक वनाउन सबैले सकारात्मक सोच सहित पवित्र सोचका साथ छलफलमा सहभागी भई थप अमुल्य सुझाव सहित पुर्णता प्रदान गर्न   आग्रह गर्दछु ।

सबैको राय सल्लाहले मात्रै समृद्ध पचालझरना हाम्रो चाहानाको सुनौलोको वाक्यंशलाई मुर्त रुप दिन सक्छ भन्ने कुरालाई आत्मसाथ गरि अब लगतै प्रस्तुत हुने बजेटमा पनि अधिकतम छलफल  सुझाव र सल्लाहको अपेक्षा राख्दै यहाँहरु सबैलाई आभार सहित धन्यवाद दिन चाहान्छु।

हाम्रा चाहाना, भावना र आवश्यकता धेरै छन तर आवश्यकता पुर्ति गर्ने सिमित बजेट हुनुले निश्चित सिमा भित्र रहेर बजेट व्यवस्थापन गरिएको छ । साथै आ व २०७८।०७९ मा यस पचालझना गाउँपालिकाको लागि प्राप्तभएको वजेटका स्रोतहरु यस प्रकार रहेका छन ।

Rinup

सारदा न्यौपाने
उपाध्यक्ष

आम्दानीको स्रोतहरु

| क स | नाम | आम्दानी | अक्षरमा |
|---|---|---|---|
| १ | संघिय सरकारबाट राजश्व बाडफाड | ६,२०,०८४,००० | छ करोड बीस लाख चौरासी हजार मात्र । |
| २ | संघिय सरकारकाबाट वितीय समानीकरण अनुदान | ९,३३००,०००। | नौ करोड तेतिस लाख मात्र । |
| ३ | सर्शत अनुदान संघिय सरकार | १५,०८००,०००। | पन्ध्र करोड आठ लाख मात्र । |
| ४ | संघिय सरकार विशेष अनुदान | १,६६,०००००। | एक करोड छैसट्टी लाख मात्र |
| ५ | वितीय समानीकरण अनुदान प्रदेश | ९६,८६,०००। | छयानब्बे लाख छयासी हजार मात्र । |
| ६ | सशर्त अनुदान प्रदेश | १९०००००। | एक करोड नब्बे लाख मात्र |
| ७ | राजश्व अनुदान प्रदेश | १५०००००। | पन्ध्र लाख मात्र |
| ८ | समपुरक अनुदान प्रदेश | १७५०००००। | एक करोड पचहत्तर लाख मात्र |
| ९ | विशेष अनुदान प्रदेश | ४००००००। | चालिस लाख मात्र । |
| १२ | आन्तरिक आम्दानी | २२००००००। | दुइ करोड बीस लाख मात्र । |
| जम्मा रकम | | ३९६४७००००। | उनचालीस करोड चौसट्टी लाख सत्तरी हजार मात्र |

हाम्रो गाउँपालिकाको लागि संघिय सरकार, प्रदेश सरकार र आन्तरिक स्रोतको कुल रकम रु ३९६४७००००।(अक्षेरुपी उनचालीस करोड चौसट्टी लाख सत्तरी हजार) वजेट निम्नानुसारको शिर्षकहरुमा विनियोजन गरेकी छु ।

तारा ज्ञवाली
उपाध्यक्ष

व्याय अनुमान

| क्र स | विवरण | रकम रु | अक्षरमा |
|---|---|---|---|
| १ | प्रदेश समपुरक अनुदान साझेदारी | ११७००००० | एक करोड सत्र लाख |
| २ | पालिका प्रशासकीय भवन ठेक्का | १००००००० | एक करोड मात्र |
| ३ | पर्यटन पुर्वाधार निर्माण साझेदारी ठेक्का | ७०००००० | सत्तरी लाख मात्र |
| ४ | नौ वटै वडालाइ अनुदान | १०८००००० | एक करोड आठ लाख मात्र |
| ५ | स्वास्थ्य शाखा | १००००००० | एक करोड मात्र |
| ६ | शिक्षा शाखा युवा तथा खेलकुद शाखा | १२०००००० | एक करोड बीस लाख |
| ७ | पशु शाखा | २५००००० | पच्चीस लाख |
| ८ | कृषि शाखा | २०००००० | बीस लाख |
| ९ | खरमुक्त | ५०००००० | पचास लाख मात्र |
| १० | सिंचाइ | ३०००००० | तीस लाख मात्र |
| ११ | भैपरी आउने मर्मत सम्भार | ३०००००० | तीस लाख मात्र |
| १२ | खानेपानी सरसर्फाइ | ४०००००० | चालीस लाख मात्र |
| १३ | अध्यक्ष कार्यक्रम | २०००००० | बीस लाख मात्र |
| १४ | उपाध्यक्ष रोजगार कार्यक्रम | १५००००० | पन्ध्र लाख मात्र |
| १५ | विपद व्यवस्थापन | २०००००० | वीस लाख मात्र |
| १६ | धार्मिक संस्कृति | २०००००० | वीस लाख मात्र |
| १७ | उद्योग | १५००००० | पन्ध्र लाख मात्र |
| १८ | वन तथा वातावरण | २०००००० | बीस लाख मात्र |
| २१ | सहकारी | ५००००० | पाँच लाख मात्र |
| २२ | महिला वालवालिका तथा लक्षित वर्ग | १५००००० | पन्ध्र लाख मात्र |
| २३ | सडक विस्तार तथा मर्मत | १२५००००० | एक करोड पच्चीस लाख मात्र |
| २४ | बहुक्षेयीय पोषण साझेदारी | १०००००० | दश दाख मात्र |
| २५ | पर्यटन | ५००००० | पाच लाख मात्र |
| २६ | शहिद स्मृति भवन निर्माण | १५००००० | पन्ध्र लाख मात्र |
| १ | DPR | ४०००००० | चालीस लाख मात्र |

| | | | |
|---|---|---|---|
| २ | सूचना सञ्चार | २५००००० | पच्चीस लाख |
| ३ | न्यापालिका | १०००००० | दश लाख मात्र |
| ४ | देउडा महोत्सव | १५००००० | पन्ध्र लाख मात्र |
| ५ | पदाधिकारी विमा | २०००००० | बीस लाख मात्र |
| ६ | रोजगारको शाखा | २००००० | दुइ लाख मात्र |
| ७ | ९ बटै वडा कार्यालयलाई प्रशासन संचालन अनुदान | ५०००००० | पचास लाख मात्र |
| ८ | अनुगमन मुल्याङक भ्रमण | १०००००० | दश लाख मात्र |
| | सरकार सर्सत संघिय सरकार | १५०८००००० | पन्ध्र करोड आठ लाख मात्र |
| | विशेष अनुदान | १६६००००० | एक करोड छैसट्ठी लाख मात्र |
| | प्रदेश समपुरक | १७५००००० | एक करोड पचहत्तर लाख मात्र |
| | प्रदेश विशेष | ४०००००० | चालीस लाख मात्र |
| | सर्सत प्रदेश सरकार | १९०००००० | एक करोड नब्बे लाख मात्र |
| | गाउँपालिकाको प्रशासनिक तथा कार्यक्रम खर्च | ६१८७०००० | छ करोड अठार लाख सत्तरी हजार मात्र |
| | जम्मा रकम | ३९६४७०००० | उनचालीस करोड चौसट्ठी लाख सत्तरी हजार मात्र |

उपरोक्त कार्यक्रमहरुको विनियोजन गरेको शिर्षकगत अनुसूचीहरु यसै शाथ संलग्न राखेकी छु ।

**सभाका सदस्य ज्युहरु**

इतिहासले सुम्पेको संविधान कार्यान्वन कर्ताको ऐतिहासिक गहुङ्गो जिम्मा वोकेर महान अवसर र युगिन चुनौती सहित यहाँ पुगेका छौ। जनताले सुम्पेको जिम्मेवारीलाई हर्दय देखी तन मन का साथ पुरा गर्दै अव चार वर्षको समया अवधि पुरा गर्दै छौ । आम पचालझरना वासिका इच्छा आकाँक्षा असिमित र जन प्रतिनिधीले सिमित श्रोत साधनको घेराभित्र रहेर काम गर्नु पर्ने वाध्यताको वैज्ञानिक र वस्तुनिष्ठ निष्कर्ष सहित विगतका वर्ष हामी सवैका मानस पटलमा स्मरण योग्य वन्दै विते, स्थानिय तहको निर्वाचन पुर्व र निर्वाचन पश्चात जनताका विचारमा वोलियका र महत्वकान्क्षी ढंगले गरिएका जनपक्षिय अग्रगामी निर्णय अधिकांश कार्यन्वनको उत्तार्थमा केहि काम पुरा केही काम देखिने गरि प्रकृयामा र केहि काम दिर्घकालीन महत्व राख्दै सुरुवाति गरि गाउँपालिकाको स्थायी पाठ्यक्रम समेत वनेका छन ।

सम्पुर्ण जनप्रतिनिधिहरु संयोगवश महान आकाक्षा वोकी यस ऐतिहासिक स्थानमा पुग्दा आ-आफ्नो स्वामित्व र चिन्तनमा सामेल भयौ, तर संस्थागत छलफल वहन गर्दै सामुहिक चेतनामा सवै पुगि चार

बर्ष स्मरण योग्य र सम्झनलायक समय बन्योस् । यो वर्ष लाई हामीले निर्णायक र प्रत्यक्ष प्रतिफल देखाउने समयको रुपमा पयोग गरौ । हामी कुनै व्यक्ति पुन जिम्मेवारीमा आउला या नआउला तर संस्थागत रुपमा दिर्घकालिन, सकारात्मक असर र प्रभाव पर्ने कार्य गरेर जाने सोचमा सबै लाग्ने प्रयास गरयौ, भने संस्थागत जिम्मेवारी पुरा हुने र व्यक्तिगत चिनारी रहने कुरामा जोड दिनुपर्छ । विगतका बर्षहरुमा बजेट निर्माण र कार्यन्वयन व्यापक रुपमा छलफल र सकारात्मक सोचका साथ सहभागीता जनाउनु हुने सम्पुर्ण जनप्रतिनिधिहरु, राष्ट्र सेवक कर्मचारी, सञ्चारकमी ,सुरक्षाकर्मी, राजनिति दल र आम जनसमुदायका सबै सबैमा हार्दिक आभार सहित धन्यावद व्याक्त गर्दै । यस वर्षको वजेट निर्माण र निणायक कार्यान्वनमा सहयोग गर्नु हुने छ । म पनि यहाँहरुको अमुल्य सुझाव, सल्लालाई मार्ग निर्देसनको रुपमा ग्रहण गर्ने र भावी दिनमा यसलाई लिखित या अलिखित पुस्तकको रुपमा लिदै अध्ययन गरिरहनुका साथै पचालझरना गाउँपालिका र आम जनसमुदायका साथमा अगाडी वढि रहने पवित्र महान आशा इच्छा जाहेर गर्दछु।

पचालझरनाको बिकास र समृद्धिका लागि वजेट र स्रोतको सुनिश्चित गरिदिने संघिय सरकार र कर्णाली प्रदेश सरकार र निरन्तर सहयोगी र सद्भाव राखिरहनेर नागरिक, करदाता, विकास साझेदार सरकारी/ गैरसरकारी संघ सस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै वजेट कार्यन्वयनमा सबैको थप सहयोगको अपेक्षा गर्दछु ।

हामी चुनौतिको बिच वाट महान सम्भावना खोज्दै सकारात्मक सोचका साथ संस्थागत विकासकका लागि अगाडी वढौ यसैभित्र सुनौलो सम्भावनाको ढोका खुल्नेछ । पचालझरना हामी कोही कसैको पेवा हैन सबैले सेवा गर्ने, गोडमेल गर्ने, साँझा सुन्दर वगौँचा हो । एकतावद्ध ढंगले सबै लागौ र भविष्य उज्जल र आसादीत छ । सबैको सोचमा सुन्दर र सुनौलो पचालझरनाको आशा पलाओस । यहाँको वगिरहेको पचालझरनालाई पानी हैन सुनमा परिणत गरौ। यहाँको स्थानीय स्रोत साधन, कला, सास्कृतिक, व्यापार, व्यावसायलाई थप बिस्तार, विकास आधुनिक र वैज्ञानिक करण गरौ अनि मात्र **"समृद पचालझरना हाम्रो चाहना"** पुरा हुनेछ ।

धन्यावाद !

मिति २०७८ असार ९ गते वुधवार ।

**प्रस्तोता**

तारा न्यौपाने

उपाध्यक्ष